# आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

प्रस्तावनाः मानव जीवनमा असर पार्ने तथा अप्रत्यासित कारणबाट सिर्जना हुने विशेष परिस्थितिलाई तत्काल सम्बोधन गर्न गाउँ सभाबाट विनियोजन नभएको तर गाउँकार्यपालिकाले तत्कालको परिस्थिति मूल्यांकन गरी सम्बोधन नगरी नहुने योजना तथा कार्यक्रमको कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आकस्मिक रुपमा सम्बोधन गर्नु पर्ने योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न एक आकस्मिक कोषको स्थापना गर्नु बाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७० बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहनेछ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कोष" भन्नाले सियारी गाउँपालिकाद्धारा स्थापित आकस्मिक कोषलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ग) "विशेष परिस्थिति" भन्नाले प्राकृतिक तथा गैर प्राकृतिक विपदको तत्काल व्यवस्थापन गर्नु पर्ने, मानवीय जीवनमा दीर्घ असर पार्ने खालका रोगबाट पिडित व्यक्तिहरुका लागि तत्काल उपचार व्यवस्थापन गर्नु पर्ने, आकस्मिक वा अप्रत्यासित रुपमा दुर्घटनामा परी अंग भंग हुनेलाई तत्काल राहत उपलब्ध गराउनु पर्ने लगायतका कार्यका लागि नगरसभाबाट विनियोजन नभएको तर कार्यपालिकाले तत्कालको परिस्थितिको मूल्यांकन गरी सम्बोधन नगरी नहुने जुनसुकै योजना तथा कार्यलाई सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले सियारी गाउँपालिकाका गाउँ प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "उपप्रमुख" भन्नाले सियारी गाउँपालिकाका उपप्रमुखलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सियारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "गाउँ कार्यपालिका" भन्नाले सियारी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ज) "वडा कार्यालय" भन्नाले सियारी गाउँपालिकाको सम्बन्धित वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(झ) "इलेक्ट्रिक सर्ट" भन्नाले कुनै मानिस, जनवार, संरचना वा जमिनमा विजुली प्रवाह भएको अवस्थालाई सम्झनु पर्दछ ।

थानेश्वर घिमिरे
अध्यक्ष

३. आकस्मिक कोषको रकम खर्च गर्ने क्षेत्र र मापदण्डः

(क) आकस्मिक कोषको रकम निम्न बमोजिमको कार्यक्रम र योजनामा कार्यपालिकाले निर्णय गरे बमोजिम मात्र खर्च गर्न पाइनेछ ।

(१) वार्षिकरुपमा गाउँसभाबाट समेट्न नसकिएका कार्यक्रम तथा योजनाहरु जस्तै बाटो, पुल, कल्भर्ट,मठ मन्दिर, झरन , सडक मर्मत, विद्युत, आवास, जस्तापाता, खानेपानी, सिचाई लगायतका क्षेत्रहरुमा तत्काल सम्बोधन गर्नुपर्ने अवस्था आएमा

(२) गाउँपालिका क्षेत्रभित्र आगलागी, चट्याङ, सडक दुर्घटना, इलेक्ट्रिक सर्ट, महामारी जस्ता प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्को तत्काल सम्बोधन गर्नु पर्ने अवस्था आएमा ।

(३) गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालय लगायत अन्य विषयगत शाखाहरुको भौतिक संरचना भत्किई वा चर्की त्यस स्थानमा काम गर्ने वातावरण नभएमा तत्काल त्यसको पुनःनिर्माण वा मर्मत गरी सेवा सुचारु गर्नु पर्ने अवस्था आएमा ।

(४) आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने अन्य आकस्मिक कार्य गर्ने,

तर वडा कार्यालयलाई प्राप्त बजेट सिलिङभित्र रही आकस्मिक कोषमा छुट्टाईएको रकम सम्बन्धित वडा समितिको निर्णय अनुसार आकस्मिकरुपमा आइपर्ने क्षेत्रमा खर्च गर्न बाधा पर्ने छैन ।

## परिच्छेद २

## आकस्मिक कोष सञ्चालन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

४. आकस्मिक कोष सञ्चालन समितिको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| (क) गाउँ प्रमुख | - संयोजक |
| (ख) उपप्रमुख | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (ङ) कार्यपालिकाका सदस्यहरुमध्ये एक जना महिला सहित प्रमुखले मनोनित गरेका दुई जना | - सदस्य |
| (च) प्रशासन तथा योजना अनुगमन शाखा प्रमुख | - सदस्य सचिव |

५. सञ्चालन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक संयोजकको आदेशले सदस्य सचिवले बोलाउने छ । बैठकमा भाग लिए वापत समितिका संयोजक तथा अन्य सदस्यहरुले गाउँकार्यपालिकाका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

६. सञ्चालन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय संयोजकले प्रमाणित गर्नुपर्नेछ ।

७. सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

क) गाउँपालिकाका लागि एक आर्थिक वर्षका लागि आकस्मिक कोषमा आवश्यक पर्ने रकमको एकिन गरी सोही बमोजिम बजेट विनियोजनका लागि कार्यपालिकामा पेश गर्ने ।

थानेश्वर घिमिरे
अध्यक्ष

ख) विशेष परिस्थितिमा आकस्मिक कोषबाट खर्च गर्नु पर्ने क्षेत्रको पहिचान र प्राथमिकीकरण गरी आवश्यकता अनुसार रकम निकासा गर्न निर्देशन दिने ।

ग) आकस्मिक कोषबाट भएको खर्चको विवरण माग गरी प्रत्येक महिना बस्ने कार्यपालिकाको बैठकमा जानकारी गराउने ।

घ) आकस्मिक कोषमा रकम अपुग भएका थप रकमको व्यवस्थाका लागि कार्यपालिकामा सिफारिस गर्ने ।

ङ) आकस्मिक कोषबाट भएका खर्चहरुको प्रगति समीक्षा गर्ने/गराउने ।

८. सञ्चालन समितिका संयोजकको काम कर्तव्य र अधिकारः संयोजकको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बैठकको संयोजकता गर्ने ।

(ख) बैठक बोलाउन सदस्य-सचिवलाई निर्देशन दिने ।

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने ।

(घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

(ङ) कोषको वित्तीय स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(च) कोषका निर्णयहरू सार्वजनिक गरी पारदर्शिता कायम गराउने ।

(छ) कोषका बैठक सहभागितात्मक रूपमा सञ्चालन गराउने ।

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने ।

(झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्थासँग सम्झौता गर्नुपर्ने भए गर्ने, गराउने ।

(ञ) कोषको रकम बाँडफाँड गर्न गराउन आवश्यक कार्यवाही गर्ने गराउने ।

(ट) कोषका कामको अनुगमन मूल्यांकन गर्ने गराउने ।

९. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः कोष सञ्चालन समितिका सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संयोजकको आदेशानुसार बैठक बोलाउने, संयोजकसँगको सल्लाहमा छलफलका विषयवस्तुहरू तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरू जिम्मा लिने ।

(ग) कोषसँग सम्बन्धित सूचनाहरू, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।

(घ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरू गर्ने ।

(ङ) कोषका कार्यक्रम तर्जुमा तथा स्वीकृत र कार्यान्वयन गराउन आवश्यक कार्यवाही गर्ने ।

(च) कार्यक्रमहरूको अनुगमन गर्ने गराउने ।

(छ) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

(ज) संयोजकले तोकेका अन्य कार्यहरू गर्ने ।

१०. सदस्यको काम, कर्तव्य र अधिकारः कोषको सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने ।

(ख) संयोजकको काममा सहयोग पुर्याउने ।

(ग) तोकिएको जिम्मेवारी पूरा गर्ने ।

थानेश्वर घिमिरे
अध्यक्ष

(घ) बैठकको निर्णयमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।

(ङ) कोषका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुर्याउने ।

(च) संयोजकले तोकेका अन्य कार्यहरू पूरा गर्ने ।

## परिच्छेद–३
## आर्थिक तथा प्रशासनिक व्यवस्था

११. कोषको वित्तीय व्यवस्थापनः-

११.१ कोषको नाममा एउटा खाता रहनेछ । जसमा देहायका रकमहरू रहनेछन्:-

(क) गाउँपालिकाको आन्तरिक आयबाट आकस्मिक कोषका लागि छुट्याइने वार्षिक रकम ।

(ख) वित्तीय समानिकरण अनुदानबाट आकस्मिक कोषका लागि छुट्याउन मिल्ने रकम ।

(ग) कोषलाई अन्य क्षेत्रबाट प्राप्त हुने रकम ।

११.२ कोषको रकम गाउँपालिकाको अन्य कारोवार हुने बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिनेछ । कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुख वा निजहरुले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

११.३ कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ ।

११.४ कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।

१२. कोषको आर्थिक व्यवस्थाः कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएको कुरामा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा सियारी गाउँपालिकाको आर्थिक ऐन, विनियोजन ऐन र सार्वजनिक खरीद ऐन, २०६३ तथा निमायवली, २०६४ बमोजिम हुनेछ ।

१३. अन्य क्षेत्रमा खर्च गर्न नमिल्नेः आकस्मिक कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजन बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न पाइने छैन । तर, आर्थिक वर्षको अन्यसम्ममा कोषको रकम खर्च नहुने निश्चित भएका उक्त रकम अन्य शीर्षकमा विनियोजन गर्न बाधा पुग्ने छैन ।

१४. कार्यविधिको संशोधनः यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा सञ्चालन समितिको सिफारिसमा कार्यपालिकाले संशोधन गर्नेछ ।

१५. बचाउ र खारेजीः

(क) कुनै कारणवश कोष संचालन हुन नसकेमा गाउँपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

(ख) कोष खारेज भएपछि कोषमा रहेको चल अचल सम्पत्ति तथा दायित्व गाउँपालिकाको स्वामित्वमा स्वतः सर्नेछ ।

**प्रमाणीकरण मितिः २०८०/०६/०९**

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

थानेश्वर घिमिरे
अध्यक्ष